# सिसम-२ अपडेट

विद्यालय व्यवस्थापनमा सुधार सहयोग परियोजना (सिसम-२) असार २०७१, अङ्क-२

## यस अङ्क भित्र

१. सिसम-२ परियोजनाः विद्यालय सुधार योजनाको माध्यमबाट गुणस्तरीय शिक्षामा पहुँच
(जयाप्रसाद आचार्य, उप-निर्देशक, कार्यक्रम तथा वजेट शाखा, शिक्षा विभाग)
२. रूपन्देही जिल्लामा सिसम-२ मोडेलको परीक्षणः एक अनुभव
(थानेश्वर ज्ञवाली, सहायक जिल्ला शिक्षा अधिकारी, जिशिका, रूपन्देही
३. सोलुखुम्बु जिल्लामा विद्यालय सुधार योजनाको माध्यमबाट विद्यालयको सुधार
(धन बहादुर श्रेष्ठ, शाखा अधिकृत, जिल्ला शिक्षा कार्यालय, सोलुखुम्बु
४. सिसम-२ को समीक्षा गोष्ठी
(विष्णु प्रसाद आचार्य, प्रमुख परियोजना अधिकृत, सिसम-२)
५. जापानमा सिसम-२ सम्बन्धि सूचना आदान प्रदान र तालिम
(कमल प्रसाद पोखरेल, निर्देशक, योजना तथा मूल्याङ्कन महाशाखा, शिक्षा विभाग)
६. विगतमा सम्पन्न भएका र आगामी दिनका क्रियाकालापहरू





## सिसम-२ परियोजनाः विद्यालय सुधार योजनाको माध्यमबाट गुणस्तरीय शिक्षामा पहुँच

*श्री जयाप्रसाद आचार्य*
*उप-निर्देशक, कार्यक्रम तथा बजेट शाखा, शिक्षा विभाग*

नेपाल सरकारले सबैको लागि गुणस्तरीय शिक्षा प्रदान गर्ने लक्ष्य र उद्देश्य प्राप्त गर्न विद्यालय क्षेत्र सुधार योजना (२००९-२०१५) सञ्चालन गर्दै आइरहेको छ । यस मार्फत गुणस्तरीय शिक्षाको पहुँच, विद्यालय उमेरका विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूलाई भर्ना गरी टिकाई राख्न, विद्यार्थीको संख्या र तिनीहरूको सिकाइ उपलब्धिमा वृद्धि, शिक्षकहरूको पेसागत विकास, पाठ्यक्रम पाठ्यपुस्तक तथा शैक्षिक सामग्रीहरूको उपलब्धता, अत्यावश्यक सिकाइ अनुकुल शैक्षिक बातावरणको सुनिश्चितताका विषयहरूलाई प्राथमिकता दिएको छ ।

यिनै लक्ष्य र उद्देश्य हासिल गर्न शिक्षा विभागले विभिन्न विकासका साझेदारहरूसँगको सहकार्यमा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । सिसम-२ परियोजनाले केन्द्रस्तरदेखि विद्यालयस्तरसम्म विद्यालय सुधार योजनाको उद्देश्य प्राप्तिमा विद्यालय व्यवस्थापन सुधारको विषयमा क्षमता अभिवृद्धिमा सहयोग गर्दै आइरहेको छ । सिसम-२ परियोजनाले चार तहको तहगत तालिम १) केन्द्रस्तर, २) जिल्लास्तर, ३) स्रोतकेन्द्रस्तर र ४) विद्यालयस्तरका लागि आवश्यक सामग्री साथ परियोजना लागू भएका सोलुखुम्बु, रूपन्देही, जुम्ला र डोटीमा तालिम सञ्चालनमा सम्बन्धित जिल्ला शिक्षा कार्यालयहरूलाई सहयोग पुऱ्याएको छ ।

शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र तथा पाठ्यक्रम विकास केन्द्रका विज्ञहरूको सहभागितामा गठित प्रशिक्षक प्रशिक्षण तालिम समूहले परियोजनाको प्राविधिक सहयोगमा यस तहगत प्रशिक्षक प्रशिक्षण तालिमको प्रारूप तयार गरेको थियो । तालिमको लागि आवश्यक विभिन्न सामग्री जस्तै परिमार्जित विद्यालय सुधार योजना सहयोगी पुस्तिका, विद्यालयस्तरीय कार्यशाला गोष्ठीको सहयोगी पुस्तिका तथा विद्यालय स्वमूल्याङ्कनका चेकलिष्ट तयार गरी ४ परीक्षण जिल्लाका करिब ११८५ सामुदायिक विद्यालयहरूमा वितरण गरिएको थियो । यस प्रशिक्षक प्रशिक्षण तालिम समूहले जिल्ला र स्रोतकेन्द्रस्तरीय तालिमहरूको आवश्यकताअनुसार अनुगमन तथा मूल्याङ्कन गरी सुझाव तथा सल्लाह उपलब्ध गराएको थियो ।

सिसम परियोजनाको रसुवा जिल्लामा पहिलो चरणमा सञ्चालित कार्यक्रमको अनुगमन र समीक्षा गोष्ठीको अवलोकन गर्दा विद्यालयका सरोकारवालाहरू खास गरी विद्यालय व्यवस्थापन समितिका सदस्य तथा अभिभावकहरूमा विद्यालय सुधार योजनाका अवधारणा यसको आवश्यकता र निर्माण प्रक्रिया प्रष्ट भएको पाइएको थियो । स्थानीय समुदायहरू पनि विद्यालय सुधार योजनाको प्रयोगबाट पठनपाठनमा सुधार ल्याई आफ्ना बालबालिकाहरूको उज्वल भविष्य निर्माण गर्नको लागि उत्प्रेरित भएको पाइयो । सम्बन्धित विद्यालयका प्रधानाध्यापकहरूका अनुसार अभिभावकहरू विद्यालयको नियमित भ्रमण गरी आ-आफ्ना बालबालिकाहरूको विद्यालयमा उपस्थिति र सिकाइ उपलब्धिको जानकारी लिने गर्न थालेका छन् ।

हालसम्मको प्रारम्भिक उपलब्धिले विभिन्नस्तरको तहगत तालिम, सम्बन्धित निकायका कर्मचारीहरूको नियमित अनुगमन र समुदायमा आधारित विद्यालय व्यवस्थापन र गुणस्तरीय शिक्षाको लागि यो मोडल एक सफल, व्यवहारिक र दिगो हुने कुरा इङ्गित गर्दछ ।

## रूपन्देही जिल्लामा सिसम-२ मोडेलको परीक्षण: एक अनुभव

*श्री थानेश्वर ज्ञवाली*
*सहायक जिल्ला शिक्षा अधिकारी, रूपन्देही*

विद्यालय सुधार योजना १३ वर्ष अघिदेखि नै लागू हुँदै आएता पनि निरन्तरताका लागि यसलाई समयानुकुल रूपमा अध्यावधिक गर्दै रहनु आवश्यक छ । यसका लागि क्षमता अभिवृद्धिका पहलहरू पनि बेग्लै स्वरूपमा सञ्चालन गर्दै आइरहेका थियो । सुरूमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा प्रधानाध्यापकको क्षमता अभिवृद्धि गर्न ६ दिनको तालिम प्रदान गरिएको थियो । त्यसपछि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरूको क्षमता अभिवृद्धि गरिने तालिममा दुईवटा सत्र विद्यालय सुधार योजनाका विषयवस्तु समावेश गर्दै आइरहेको छ । यद्यपि, विभिन्न कारणले गर्दा यसको प्रभावकारितामा प्रश्नचिन्ह खडा हुँदै आइरहेको थियो ।

यिनै तथ्यलाई मध्यनजर गर्दै परीक्षणको रूपमा धादिङ र रसुवामा सञ्चालित सिसम परियोजनाको मोडललाई दोस्रो चरण अन्तर्गत यस वर्षमा रूपन्देही जिल्लामा परीक्षण गरिएको थियो । परियोजना सञ्चालन पश्चात निम्नानुसारका राम्रा परिणामहरू देखिन थालेका छन् ।

- जिल्लाका सबै स्रोतकेन्द्रमा ३ दिने स्रोतकेन्द्रस्तरीय विद्यालय सुधार योजना निर्माण र अध्यावधिक सम्बन्धी तालिम सम्पन्न गरियो । पहिलो पटक २ दिने विद्यालयस्तरीय विद्यालय सुधार योजना निर्माण र अध्यावधिक विषयक गोष्ठीमा विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, अभिभावक संघको सक्रिय सहभागी रहेको थियो । उक्त गोष्ठीमा सबैको लागि गुणस्तरीय शिक्षाको लक्ष्य प्राप्तिको लागि आवश्यक रणनीति, उपायहरू र योजना तयारीका वारेमा छलफललाई केन्द्रित गरिएको थियो ।
- विगतका दिनहरूमा विद्यालय सुधार योजना निर्माण प्रक्रियामा सरोकारवालाहरूको संलग्नता कम थियो । हाल सरोकारवालाहरूको सक्रिय सहभागितामा विद्यालय सुधार योजना निर्माण कार्यको थालनी गरिएको छ । खासगरी विद्यालय व्यवस्थापन समिति अभिभावकहरूले आफ्ना बालबालिकाहरूको गुणस्तरीय शिक्षा र उज्वल भविष्यप्रति लक्षित भई विद्यालय सुधार योजना तर्जुमा गर्नु पर्ने तथ्य महसुस गरेका छन् ।
- विद्यालयको स्वमूल्याङ्कन, छात्राछात्रको हाजिरी रेकर्ड र सिकाइ उपलब्धि सम्बन्धी छलफल यस गोष्ठीको ज्यादै महत्त्वपूर्ण विषयको रूपमा स्थापित भएको छ । विद्यालयस्तरीय यस गोष्ठीमा विद्यालयको सवालमा केही ठोस क्रियाकलापहरू सुझाव गरिने परिपाटीको विकास हुँदै आएको हुँदा विद्यालय सुधार योजना निर्माण गर्न ज्यादै सरल भएको छ ।
- परिणामस्वरूप भलुहि देवदह स्थित जनप्रिय माध्यमिक विद्यालयले हालै सञ्चालित विद्यालयस्तरीय गोष्ठी पश्चात विद्यालय सुधार योजनामा उल्लेखित कार्यक्रम जस्तै दिवा खाजा, कम्प्युटर कक्षा सञ्चालन, छात्रवृत्ति वितरण गर्न स्टेशनरी सामग्री खरिद आदिको लागि रू. ३,००,०००- अनुदानको रूपमा सङ्कलन गर्न सफल भएको छ ।
- शिक्षकहरू भन्छन् कि "विद्यालय शिक्षक र विद्यालय व्यवस्थापन समितिहरूको मात्रै हो भन्ने सोचाईमा सीमित अभिभावक तथा समुदायहरूमा विद्यालय हाम्रो हो भन्ने भावनामा विकास भएकोले अभिभावकहरू विगतमा भन्दा बढी र नियमित रूपमा विद्यालय आउने गरेका छन् ।" त्यसैगरी जिल्ला शिक्षा अधिकारी, शाखाअधिकृत, विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिबाट गरिने विद्यालयको अनुगमन तथा मूल्याङ्कन पनि नियमित र प्रभावकारी बन्दै आइरहेको छ ।



*जनता मा.वि. रूपन्देहीमा संचालन भइरहेको कार्यशाला गोष्ठी*

## सोलुखुम्बु जिल्लामा विद्यालय सुधार योजनाको माध्यमबाट विद्यालयको सुधार

*श्री धनबहादुर श्रेष्ठ,*
*शाखाअधिकृत, जिल्ला शिक्षा कार्यालय, सोलुखुम्बु*

विद्यालय सुधार योजनाको माध्यमबाट विद्यालयको सर्वाङ्गीण विकासको लागि सिसम-२ परियोजना मार्फत विद्यालय सुधार योजना सम्बन्धी तालिम स्रोतकेन्द्रदेखि विद्यालयसम्मको तहगत (CASCADE) तालिम एक सफल कार्यक्रमको रूपमा रहेको छ । सिसम-२ परियोजनाको प्राविधिक सहयोगमा सोलुखुम्वुमा विगतमा जिल्ला र स्रोतकेन्द्रस्तरीय तालिम बैशाख २०७१ मा सम्ममा सम्पन्न भइसकेका छन् । विद्यालयस्तरीय २ दिने विद्यालय सुधार योजना गोष्ठी हाल सञ्चालन भइरहेको अवस्थामा छ । उक्त गोष्ठीहरू २०७१ को असार मसान्त भित्रमा सबै विद्यालयहरूमा सम्पन्न भैसक्ने छन् ।

विगतमा, विद्यालय सुधार योजना निर्माणलाई बोझको रूपमा लिने र केही सेवा सुविधा प्राप्तिको लागि अन्य निकायहरूमा पेस गर्ने दस्तावेजको रूपमा मात्रै लिइने गरेकोमा यस पटकको तालिम कार्यक्रम पश्चात सो बुझाइमा निकै परिवर्तन भएको पाइएको छ । विद्यालय सुधार योजना निर्माण गर्दा शैक्षिक गुणस्तर अभिवृद्धिमा केन्द्रित गरिएको छ । त्यस्तै गरी व्यवहारिक पक्षलाई जोड दिइएको छ । यस तालिमका विषयवस्तुहरू स्पष्ट र सरलीकृत रूपमा प्रस्तुत गरिएको हुँदा प्राय सबैजसो सहभागीले उपयोगी, सान्दर्भिक र निर्माण गर्न सहज भनी टिप्पणी गरेका छन् । त्यसै गरी तालिमका सामग्रीहरू जस्तै विद्यालय स्वमूल्याङ्कन, चेकलिष्ट, विद्यालय सुधार योजना हातेपुस्तिका, स्रोतकेन्द्रस्तरीय तालिम पुस्तिका गोष्ठी सहयोग पुस्तिकाहरू ज्यादै उपयोगी र सान्दर्भिक भएको महसुस गरिएको छ ।

यस तहगत तालिमका सहभागीहरूबाट व्यक्त गरेका अनुभवहरू

निम्नानुसार रहेको छ :

- विद्यालय सुधार योजना आफ्नै विद्यालय विकास र सुधारको लागि बनाइने योजना हो भन्ने धारणाको विकास भएको छ ।



*जनजागृती नि.मा.वि.सल्लेरीमा संचालन भइरहेको कार्यशाला गोष्ठी*

- विद्यालय सुधारका लागि बजेट विना र कम बजेटमा धेरै क्रियाकलापहरू समेत सञ्चालन गर्न सकिने कुरामा ध्यान गएको छ ।
- योजना निर्माणमा प्राथमिक सरोकारवालाहरूको सक्रियता बढेको छ ।
- विद्यालयको स्वमूल्याङ्कन गरी सो को आधारमा योजना बन्ने हुँदा वास्तविक योजना बन्न गई कार्यान्वयन पक्ष मजबुत बन्ने कुरामा सबै विश्वस्त रहेको पाइएको छ ।
- तालिम र तालिमका विषयवस्तुप्रति सहभागीहरू उत्साहित र सन्तुष्ट रहेका छन् ।
- विद्यालय सुधार योजना निर्माण सम्बन्धी गोष्ठी सञ्चालन र विद्यालय सुधार योजना निर्माणको समयावधि कम रहेको टिप्पणी गरिएको छ ।
- विद्यालयस्तरको गोष्ठीका सहभागीको लागि कुनै पनि सुविधा नभएको, र विद्यालयको खातामा आएको रकमको पेस्की फर्छ्यौटको लागि सरलीकृत विधि अपनाउनु पर्ने सुझावहरू पनि आएका छन् ।

## सिसम-२ समीक्षा गोष्ठी

*श्री विष्णु प्रसाद आचार्य,*
*प्रमुख परियोजना अधिकृत, सिसम-२*

सिसम-२ ले बैशाख, जेठ र असार महिनामा परियोजना अर्न्तगत सिसम-२ मोडेल परीक्षण गरिएका रूपन्देही, जुम्ला, डोटी तथा सोलुखुम्बु जिल्लामा एक दिने समीक्षा गोष्ठी संचालन गरेको थियो । परियोजनाले अवलम्बन गरेको तहगत प्रशिक्षक प्रशिक्षण तालिम मोडल, विद्यालय सुधार योजना निर्माण प्रक्रियाका उपलब्धि र सिकाइहरूको बृहत समीक्षाबाट प्राप्त सुझाव तथा सिफारिसहरू अवलम्बन गरी परियोजनाका दोस्रो र तेस्रो वर्षमा संचालन गरिने क्षेत्रीय तथा राष्ट्रिय प्रबोधीकरणका लागि आवश्यक सुझाव सङ्कलन गर्नु यस गोष्ठीको लक्ष्य रहेको थियो । कार्यक्रम सञ्चालन भएका जिल्ला शिक्षा कार्यालयका शाखा अधिकृत, विद्यालय निरीक्षक, स्रोतव्यक्ति र केही प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका सदस्यहरूको यस गोष्ठीमा सहभागिता रहेको थियो ।
वास्तवमा यस समीक्षा गोष्ठीले जिल्लाहरूमा सञ्चालित सिसम-२ का कार्यक्रमहरूको उपलब्धि एवं सिकाइहरूको विश्लेषण गरी समयानुकूल तहगत तालिम कार्यक्रम निर्माण गर्नमा महत्वपूर्ण योगदान पुऱ्याएको छ ।



*जुम्लामा संचालन भइरहेको सिसम-२ को समीक्षा गोष्ठी*

यस समीक्षा गोष्ठीका केही प्रमुख उपलब्धिहरू निम्नानुसारका छन् ।

१) समीक्षा गोष्ठीका प्राय सबै सहभागीहरूले विद्यालय सुधार योजनालाई यस तहगत तालिमले पुर्नजीवित गरेको बताएका थिए ।

२) समीक्षा गोष्ठीमा यस तहगत तालिम खाकाको सवल तथा सुधारात्मक पक्षहरूको गौण रूपले समीक्षा गरी सरल तथा सहभागीमैत्री तालिम सामग्रीहरू तयार गर्ने पृष्ठपोषण तथा सुझावहरू प्राप्त भएको छ ।

३) समीक्षा गोष्ठीमा विद्यालय सुधार योजना अध्यावधिक कार्यलाई निरन्तरता दिन जिल्ला शिक्षा कार्यालय, स्रोतकेन्द्र तथा विद्यालयस्तरीय गरी तीन तहका कार्ययोजनाहरू तयार गरिएका छन् ।

| जिल्ला | मिति | सहभागीहरू | | | | |
|---|---|---|---|---|---|---|
| | | जिशिका कर्मचारीहरू | शैताकेका कर्मचारीहरू | स्रोतकेन्द्र | प्र.अ. तथा विव्यस सदस्यहरू | जम्मा |
| रूपन्देही | २९ बैशाख २०७१ | १० | ० | १० | ५ | २५ |
| जुम्ला | ३ जेठ २०७१ | ६ | १ | १० | ८ | २५ |
| डोटी | ६ जेठ २०७१ | ७ | ० | १६ | ८ | ३१ |
| सोलुखुम्बु | १३ असार २०७१ | ३ | ० | १२ | ३ | १८ |
| | **जम्मा** | २६ | १ | ४८ | २४ | ९९ |

## जापानमा सिसम-२ सम्बन्धी सूचना आदान-प्रदान र तालिम

*श्री कमल प्रसाद पोखरेल*
*निर्देशक, योजना तथा अनुगमन महाशाखा, शिक्षा विभाग*

सिसम-२ परियोजनाले शिक्षा मन्त्रालय, शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र छानिएका जिल्ला शिक्षा अधिकारीहरू गरी जम्मा ११ जना सरकारी अधिकारीहरूलाई जापानमा ९ दिनको परियोजना सम्बन्धी सूचना आदानप्रदान तथा तालिमको आयोजना गरेको थियो । यस तालिममा मैले नेपाली टोलीको नेतृत्व गर्दै उक्त तालिममा सहभागी हुने मौका पाएको थिएँ ।

यस तालिमको उद्देश्यहरू १) जापानका सामुदायिक विद्यालयको व्यवस्थापन समितिको कार्यक्रम, कार्यान्वयन पद्धति एवं भूमिका र स्थानीय निकाय जस्तै वडा तथा महानगरपालिकाका शिक्षा आयोगबाट उपलब्ध हुने सहयोगका बारे विद्यालयको भ्रमण गरी छलफल गर्नु, २) सिसम-२ परियोजनाको प्रगति, अनुभव तथा सिकाइको जापान अन्तर्राष्ट्रिय सहायता नियोग (जाईका) को जापानस्थित प्रधान कार्यालयमा आदानप्रदान गर्नु, ३) परियोजनाको सरोकार निकायहरू शिक्षा मन्त्रालय, शिक्षा विभाग र जाईकाको प्रधान कार्यालयबीचको आपसी समझदारी र सम्बन्धको विकास गर्नु र ४) सिसम २ परियोजनाको उपलब्धि र सिकाइमा छलफल गरी नेपाल र जापान सरकारबीच विद्यालय क्षेत्र सुधार कार्यक्रमले परिलक्षित गरेको गुणस्तरीय आधारभूत शिक्षाको पहुँचको लागि सहकार्य माथि छलफल गर्नु रहेका थिए ।

यस कार्यक्रमले जाईका प्रधान कार्यालय, जाईका नेपाल कार्यालय तथा सिसम-२ बीच रणनीतिक कार्यक्रम, तथा भूमिकाहरू बारे छलफल, सामूहिक कार्य तथा प्रस्तुतीकरण विधि अवलम्बन गरेको थियो । भिडियो कन्फरेन्स मार्फत भावी कार्यक्रमका रणनीति माथि पनि छलफल गरिएको थियो । यसको अलावा हामीले पनि नेपालको शिक्षा प्रणालीको जानकारी दिनुका साथै नेपालको चिनारी गराउने अवसर पायौं ।

सिसम-२ परियोजनाको उपलब्धी, सवालहरू र भावी योजनाहरूमा वृहत छलफल भएको थियो । यस परिप्रेक्ष्यमा सहयोग कोष (Pooling Fund) ले सही भूमिका निभाउन सकिने तथ्यलाई मनन गर्दै नेपालको शैक्षिक प्रणालीको विकासमा जापान सरकारको सहायता पनि यसै मूलधारमा समाहित हुनुपर्ने महसुस गरिएको थियो । यस भ्रमण कार्यक्रमलाई जापानमा विकसित नवीनतम प्रविधि, ज्ञान र सीपहरूको जानकारी लिने मात्रै नभई हामीले आफ्नो प्रवृत्ति र व्यवहारमा अवलम्बन गरी ज्ञान, सीप र प्रविधिको आत्मसात गर्नु पर्ने आवश्यकताको महसुस भएको छ । यस्ता खालका अध्ययन भ्रमण तथा अनुभव आदानप्रदान कार्यक्रमले सहभागीहरूलाई आवश्यक ज्ञान, सीप, प्रविधि हस्तान्तरण गर्न सहयोग भएको छ । यस कार्यक्रमका सहभागी हामी सबै सिकेका ज्ञान, सीपहरू-लाई नेपाली बालबालिकाको गुणस्तरीय शिक्षाको पहुँचको लागि प्रयोग गर्न प्रतिवद्ध छौं ।



*जापान भ्रमणका सहभागीहरू विद्यालय अवलोकनमा*

### विगतमा सम्पन्न भएका गतिविधिहरू (फागुन २०७०-जेठ २०७१)

| संख्या. | क्रियाकलापहरू | महिना | स्थान |
|---|---|---|---|
| १. | स्रोतकेन्द्रस्तरीय तालिम | चैत २०७० | सोलुखुम्बु र जुम्ला |
| २. | विद्यालय सुधार योजना तर्जुमा र अद्यावधिकका लागि विद्यालय-स्तर कार्यशाला | फागुन चैत २०७० र बैशाख २०७१ | सोलुखुम्बु, रूपन्देही, जुम्ला र डोटी |
| ३. | तेस्रो तथा चौथो प्राविधिक कार्यदल टोली बैठक | फागुन २०७० – बैशाख २०७१ | शिक्षा विभाग, सानोठिमी |
| ४. | अन्तिमधार सर्वेक्षण (End line Survey) | चैत २०७० – जेठ २०७१ | सिसम ११ जिल्लाहरूमा । |
| ५. | सिसम फलोअप गोष्ठी | फागुन २०७० | धादिङ र रसुवा |
| ६. | नमुना परीक्षण समीक्षा गोष्ठी | बैशाख, जेठ र असार २०७१ | डोटी, रूपन्देही, जुम्ला र सोलुखुम्बु |
| ७. | जापानमा सिसम-२ सम्बन्धी सूचना आदानप्रदान र तालिम | जेठ २०७१ | जापान |

### आगामी गतिविधिहरू (असार-साउन २०७१)

| संख्या. | क्रियाकलापहरू | महिना | स्थान |
|---|---|---|---|
| १. | विद्यालय सुधार योजना सम्बन्धी तालिम पुस्तिका बारे गोष्ठी | असार २०७१ | शै.ज.वि.के सानोठिमी, भक्तपुर |
| २. | सिसम-२ का समीक्षा गोष्ठी | असार २०७१ | धादिङ र रसुवा |
| ३. | दोस्रो समन्वय समिति र परीक्षणबाट प्राप्त नतिजा आदानप्रदान गोष्ठी | असार २०७१ | शिक्षा मन्त्रालय, सिंहदरवार, काठमाण्डौं |